# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल

मिति २०८२/१२/२४

प.सं. २०८२/०८३
च.नं.

**अपाङ्गता भएका व्यक्ति वा परिवारलाई उद्योग सञ्चालन (चप्पल उद्योग आदि) का लागि प्रस्ताव माग गर्ने सम्बन्धी**

**सुचना**

प्रस्तुत विषयमा विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको स्विकृत कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्ति वा परिवारलाई उद्योग सञ्चालन (चप्पल उद्योग आदि) को लागि अनुदान रकम उपलब्ध गराउने भएको हुदां अपाङ्गता भएका व्यक्तिहरुले सामुहिक रुपमा संञ्चालन गरिरहेका चप्पल उद्योग वा व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो सुचना प्रकाशन हुनु अगावै दर्ता भएका चप्पल उद्योगलाई व्यवसाय संञ्चालन सहयोग अनुदान रकम उपलब्ध गराउने भएको हुदां तपशिलका कागजातहरु संलग्न गरी सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र प्रस्तावना सहित आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । रित नपुगेका तथा म्याद नाघि प्राप्त आवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गरिन्छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

- आवेदकको नागरिकता
- अपाङ्गता परिचय पत्रको प्रतिलिपि
- सम्वन्धित वडा कार्यालयको सिफारिस
- सामुहिक व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि
- घरेलु तथा साना उधोगको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि
- व्यवसायिक योजना

थप जानकारीको लागि महिला बालबालिका तथा समाज कल्याण शाखा मा सम्पर्क गर्न सक्नुहुनेछ ।

CamScanner